"सिरीजङ्घाको गौरव, कञ्चनजङ्घा"

# सिरीजङ्घा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ, प्रदेश नम्बर १, नेपाल ।

पत्र संख्या : २०७७।०७८
चलानी नम्बरः ३९६

मितिः २०७७।०५।२५

विषयः करार सेवामा स्वास्थ्यकर्मी माग गरिएको सूचना ।

यस गाउँपालिकामा निर्माण गर्न लागिएको **कोभिड १९ अस्थायी अस्पताल**का लागि देहायमा उल्लिखित पदहरु हाललाई तीन महिना सम्मको लागि करार सेवामा व्यवस्थापन गर्नुपर्ने भएकाले इच्छुक योग्यताप्राप्त नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङमा आवेदन गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | करार सेवामा माग गरिएको पदको विवरण | माग पद संख्या | उपलब्ध गराइने न्युनतम सेवा सुविधा | आवेदन दस्तुर |
|---|---|---|---|---|
| ०४।०७७।०७८ | मेडिकल अधिकृत (आठौं तह) | १ | नेपाल सरकारले अधिकृत आठौं तहको कर्मचारीलाई उपलब्ध गराउने न्युनतम सेवा सुविधा। | एक हजार मात्र |
| ०५।०७७।०७८ | अनमी | २ | नेपाल सरकारको सहायक चौथो तहको कर्मचारीलाई उपलब्ध गराउने न्युनतम सेवा सुविधा। | छ सय मात्र |
| ०६।०७७।०७८ | कार्यालय सहयोगी | १ | श्रेणी विहिन कर्मचारीले पाउने न्युनतम सेवा सुविधा | चार सय मात्र |

आवेदकको न्युनतम योग्यताः

| | |
|---|---|
| मेडिकल अधिकृतको हकमा | १. एक्काइस वर्ष पूरा भई पैंतालीस बर्ष ननाघेको,<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS कोर्ष उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता र नविकरण भएको,<br>३. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,<br>४. नेपाली नागरिक,<br>५. प्रचलित कानुन बमोजिम अयोग्य नभएको, |
| अनमीको (सहायक चौथो) हकमा | १. अठार वर्ष पुरा भई चालीस बर्ष ननाघेको,<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट अनमी कोर्ष उत्तीर्ण गरी नेपाल नर्सिङ काउन्सिलमा नाम दर्ता र नविकरण भएको, तर स्टाफ नर्सलाई विशेष प्राथमिकता भने दिइनेछ।<br>३. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,<br>४. नेपाली नागरिक,<br>५. प्रचलित कानुन बमोजिम अयोग्य नभएको, |
| कार्यलयको सहयोगीको हकमा | १. अठार बर्ष पुरा भई पैंतीस बर्ष ननाघेको,<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट SEE उत्तीर्ण भएको,<br>३. नेपाली नागरिक,<br>४. प्रचलित कानुन बमोजिम अयोग्य नभएको, |

द्रष्टव्यः आवेदकको छनोट सिरीजङ्घा गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ बमोजिम हुनेछ। र, यस विषयमा थप जानकारी यस कार्यालयका स्वास्थ्य संयोजक श्री संजीव सिहं (सम्पर्क नम्बर ९८६२००६२३७) मा बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
२०७७।०५।२५

ईमेलः sirijangharuralmunicipality@gmail.com वेभसाईट : www.sirijanghamun.gov.np

प्रमुख प्रशासकीय अधिकृत